का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ चैत २०७९,
शनिबार
25 March 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ५९ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

# १० वर्षमा फेरिएको नेपाल

## जनसंख्याको असन्तुलित वृद्धि

- विदेश जानेको संख्या बढ्यो, ८२ प्रतिशत पुरुष
- ७३ प्रतिशत नेपालीको हातमा स्मार्टफोन
- ३१ प्रतिशत घरमूली महिला
- विद्युतको पहुँचमा ९२.२ प्रतिशत नेपाली
- साक्षरता दर ७६.२ प्रतिशत
- ३ प्रतिशत बालबालिका आमाबुबाबाट अलग
- ४.५ प्रतिशत परिवार शौचालय सुविधा बाहिर
- कुल जनसंख्याको २.२ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता

### नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० चैत ।

राष्ट्रिय जनगणना-२०७८ को राष्ट्रिय प्रतिवेदन सार्वजनिक भएको छ । विवरण अनुसार कम उमेरका व्यक्तिको संख्या क्रमशः घटेको र बढी उमेरका व्यक्तिको संख्या क्रमशः बढेको छ । यो जनसंख्याको वृद्धि सन्तुलित नभएको अधिकारीहरु बताउँछन् ।

समग्र जनसंख्याको वार्षिक वृद्धिदर घट्ने क्रममा रहेको देखिएको छ । विशेषगरी हिमाली र पहाडी तथा ग्रामीण क्षेत्रमा जनसंख्या वृद्धिदर द्रुतरुपमा घट्ने क्रममा, तराई तथा सहरी क्षेत्रमा यो दर बढ्ने क्रममा देखिएको छ ।

विसं २०६८ को जनगणनाको तुलनामा परिवारमा अनुपस्थित रही विदेशमा बस्ने व्यक्तिको संख्या बढेको र त्यसमध्ये पनि महिलाको अनुपात बढेको देखिएको छ । जनगणनाका धेरैजसो सूचकमा ग्रामीण र सहरी क्षेत्रकाबीच असमानता देखिएको छ । यसलाई सम्बोधन गरी नेपालमा विद्यमान असन्तुलित बसाइँसराइलाई व्यवस्थित गर्नुपर्ने अधिकारीहरु बताउँछन् ।

कोभिड-१९ महामारीले भयावह रुप लिएको अवस्थामा रोकिएको यो जनगणना प्रस्तावित समयभन्दा पाँच महिना ढिलो गरी सम्पन्न भएको हो ।

नेपालमा विसं १९६८ बाट जनगणना सुरु भएको थियो । प्रत्येक १०/१० वर्षमा जनगणना हुँदै आएको छ ।

## शहरमा मान्छे बढे, गाउँमा घटे

जनगणना-२०७८ को अन्तिम नतिजाअनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ रहेको छ ।

नतिजाअनुसार सबैभन्दा बढी जनसंख्या काठमाडौंमा रहेको छ । काठमाडौंको जनसंख्या २० लाख ४१ हजार ५ सय ८७ रहेको छ । त्यस्तै सबैभन्दा कम भने मनाङ जिल्लाको जनसंख्या रहेको छ । मनाङ जिल्लामा ५,६५८ जनाको अक्सर बसोबास रहेको जनगणनामा उल्लेख छ ।

मोरङ, रूपन्देही, झापा र सुनसरी जिल्ला क्रमशः दोस्रो, तेस्रो, चौथो र पाँचौं धेरै जनसंख्या भएका जिल्लाहरू हुन् । कम जनसंख्या भएका जिल्लातर्फ मुस्ताङ, डोल्पा, रसुवा र हुम्ला क्रमशः दोस्रो, तेस्रो, चौथो र पाँचौं स्थानमा पर्दछन् ।

राष्ट्रिय जनगणना २०७८ ले शहरी क्षेत्रमा बस्नेको संख्या बढ्दो रहेको देखाएको छ भने गाउँमा बस्नेको संख्या घट्दो रहेको छ । तथ्यांक विभागका अनुसार सहरी जनसंख्या भन्नाले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रमा बसोबास गर्नेहरू हुन् भने गाउँको जनसंख्या गाउँपालिका क्षेत्रमा बसोबास गर्नेहरूको हो । पृष्ठ २ मा

## भाषा र धर्मको तथ्यांक आएन

राष्ट्रिय जनगणना २०७८ को नतिजा शुक्रबार सार्वजनिक गर्दा जातजाति, भाषा र धर्मसँग सम्बन्धित तथ्यांक भने सार्वजनिक गरिएको छैन । राष्ट्रिय तथ्यांक कार्यालयले आगामी दुई वर्ष भित्र सबै तथ्यांक सार्वजनिक गरिसक्ने भनेको छ । तर जनगणनाको मुख्य अवयव मानिने भाषा, धर्म र जातजातिसँग सम्बन्धित तथ्यांक नआउँदा नतिजा अपुरो बनेको छ । यी तथ्यांक संवेदनशील रहेको र जातजाति, समूह र पहिचानको विवादबारे केही निवेदनहरु समेत आएका कारण थप छलफल गर्नुपर्ने भन्दै कार्यालयले अहिले तथ्यांक सार्वजनिक हो ।

## सुशासनमा सहयोग पुग्ने विश्वास




प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रिय जनगणनाबाट उपलब्ध तथ्याङ्कले सुशासन अभिवृद्धि तथा दिगो विकास लक्ष्यको प्रगति मापनमा सहयोग पुग्ने बताएका छन् । जनगणनाको प्रतिवेदन सार्वजनिक गर्दै उनले जनगणनाबाट जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालले गरेका प्रतिबद्धता, राष्ट्रिय विकास लक्ष्यको अनुगमन तथा मूल्यांकन र विद्यमान सूचकको विश्लेषणमा सघाउ पुग्ने बताएका हुन् । 'संघीय व्यवस्थाअनुसार संघ, प्रदेश र स्थानीय तहलाई नीति, योजना तथा कार्यक्रम तयार गर्दा तथ्यमा आधारित निर्णय गर्न थप आधारसमेत प्राप्त हुनेछ' उनले भने, 'जनगणनाको तथ्याङ्कबाट पन्ध्रौं योजनाको समीक्षा तथा सोह्रौं योजना तर्जुमाको अवधारणा पत्र तयार गर्न आवश्यक आधारभूत तथ्याङ्कको आधार पनि प्राप्त हुनेछ ।'

प्रधानमन्त्री दाहालले नेपालका सन्दर्भमा जनगणना देशकै आर्थिक-सामाजिकस्वरुपको यथार्थ स्थिति प्रस्तुत गर्ने एक महत्वपूर्ण तथा बृहत तथ्याङ्कीय कार्य भएको र यसले जनसाङ्खियक, शैक्षिक, आर्थिक, मानवीय तथा विविध क्षेत्रका तथ्याङ्क यकीन गर्नुका साथै आगामी १० वर्षसम्मका लागि तथ्याङ्कका आधारसमेत सिर्जना गरेको बताए । 'यसबाट प्राप्त तथ्याङ्कले नेपालको संविधानमा रहेका समाजवादोन्मुख समावेशी विकास र मौलिक हकअधिकारको कार्यान्वयन र मूल्याङ्कन गर्न सहज हुनेछ' उनले भने ।

## वैदेशिक रोजगार विशेष

### विभागद्वारा होटल स्काई ब्यांक्वेटमा छापा

## एकै महिलाबाट १०९ राहदानी बरामद

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० चैत

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारको प्रलोभनमा संकलन गरिएका ठूलो संख्याका राहदानी बरामद गरेको छ । विभागले बिहीबार सामाखुशीस्थित होटल स्काई ब्यांक्वेटमा छापामारी गिलुङ-८ लमजुङकी शिला परियारबाट १ सय ९ थान राहदानी बरामद गरेको बताएको छ ।

परियारले ६ महिनाभन्दा बढीको वैदेशिक रोजगार, डिपेन्डेन्टलगायत अध्ययन भिसामा बेलायत पठाइदिने प्रलोभन दिई ती राहदानी संकलन गरेको विभागले जनाएको छ । विभागले परियारलाई समेत नियन्त्रणमा लिई कारबाहीका लागि अनुसन्धान शुरू गरेको निर्देशक कृष्णप्रसाद भुसालले बताएका छन् ।

वैदेशिक रोजगार ऐनको दफा १० मा अनुमति नलिई वैदेशिक रोजगारीमा पठाउन प्रतिबन्ध लगाएको छ भने ऐनको दफा ४३ मा पीडितलाई बिगो र त्यसको ५० प्रतिशत हर्जना असुल गराई दोषीलाई ७ वर्षसम्म कैद गर्ने व्यवस्था गरेको छ । १ सय ९ थान राहदानी बरामद गरेको सार्वजनिक गरेपनि विभागले वैदेशिक रोजगारीका लागि रकम असुली गरेको खुलाएको छैन ।

विभागले आकर्षक वैदेशिक रोजगारीको नाममा शैक्षिक कन्सल्ट्यान्सीबाट ठगीको धन्धा व्यापकरूपमा बढेको पृष्ठ २ मा

### विदेशमा २२ लाख नेपाली

काठमाडौं/मस- करिब २२ लाख नेपाली वैदेशिक रोजगारलगायतको प्रयोजनमा मुलुक बाहिर रहेको देखिएको छ । राष्ट्रिय जनगणना २०७८ को पूर्ण प्रतिवेदनका अनुसार २१ लाख ९० हजारभन्दा बढी नेपाली विदेशमा रहेको देखिएको हो । यो संख्या दश वर्षअघिको जनगणना २०६८ को भन्दा २ लाख ६९ हजार ९८ जनाले बढी हो । २०६८ को जनगणनामा १९ लाख २१ हजार ४ सय ९४ जना विदेशमा काम कारोबार तथा बसोबासमा रहेको देखिएको थियो ।

दश वर्षपछिको जनगणना २०७८ मा १७ लाख ९९ हजार ६७५ जना पुरुष र ३ लाख ९० हजार ९१७ महिला विदेशमा रहेको देखिएको हो । विदेशमा रहेका नेपालीमध्ये पुरूषको संख्या ८२.२ प्रतिशत र महिलाको संख्या १७.८ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ ।

## साक्षर नेपाल घोषणाका १३ वर्ष

### उपलब्धि १० प्रतिशत मात्रै !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १० चैत ।

आर्थिक वर्ष २०६५/६६ मा दुई वर्षभित्र नेपाललाई साक्षर मुलुक बनाउने तयारी गरिएपनि उक्त योजना बोलीमा मात्रै सीमित भएको छ । उक्त कार्यक्रमका लागि हरेक सरकारले अर्बौ रुपैयाँ बजेट छुट्याएर खर्च गरिएतापनि हालसम्म कहिलेसम्म साक्षर मुलुक निर्माण हुन्छ भन्ने अत्तोपत्तो छैन । बरु, शुक्रबार सार्वजनिक भएको राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार २ वर्षमा पूरा गरिने भनेको साक्षर नेपाल घोषणाको कार्यक्रमको प्रगति १० प्रतिशतले मात्रै भएको छ । हाल नेपालको साक्षरता दर ७६.२ प्रतिशत रहेको छ भने २३.८ प्रतिशत जनसंख्या अझै निरक्षर रहेको तथ्यांकले देखाउँछ । जसअनुसार ८३.६ प्रतिशत पुरुष साक्षर रहेका छन् भने महिलाको साक्षरता दर ६९.४ प्रतिशत मात्रै रहेको छ । तसर्थ, साक्षर नेपाल घोषणा गर्न अझै ६३ लाख ३४ हजारभन्दा बढी मानिस साक्षर हुनु जरुरी देखिन्छ ।

कुनै पनि जिल्ला वा पालिकामा १५ देखि ६० वर्ष उमेरका ९५ प्रतिशत नागरिक साक्षर भएको पाइएमा साक्षर जिल्ला र साक्षर पालिका घोषणा गर्न सकिने प्रावधान छ । सात सय ५३ स्थानीय तहमध्ये १ सय ७६ स्थानीय तह साक्षर घोषणा हुन बाँकी रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रका पृष्ठ २ मा

## प्रहरी प्रमुखमा कुँवर

प्रहरीको आचरण र व्यवहारमा पनि शुद्धीकरण गरेर संगठनको छवि उचाल्ने काम मेरो कार्यकालमा हुनेछ ।

**वसन्तबहादुर कुँवर**
**नवनियुक्त आईजीपी**



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १० चैत ।

प्रहरी अतिरीक्त महानिरीक्षक (एआइजी) वसन्तबहादुर कुँवर नेपाल प्रहरीको (महानिरीक्षक (आइजीपी) भएका छन् । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले एआईजी कुँवरलाई प्रहरी प्रमुखमा नियुक्त गरेको हो ।

आईजीपीका लागि कुँवरसहित ५ जना अतिरिक्त महानिरीक्षक (एआईजी)हरु प्रतिष्पर्धामा रहेका थिए । जसमा कुँवरसहित, टेक प्रसाद राई, दीपक थापा, श्यामलाल ज्ञवाली र किरण बज्राचार्य रहेका थिए ।

योग्यताको हिसावले कुँवरलाई नयाँ आईजीपी नियुक्त गरिएको हो । वर्तमान आईजीपी धिरज प्रताप सिंह शनिवारबाट अवकाशमा जाँदैछन् । त्यसअघि नै सरकारले नयाँ प्रहरी प्रमुख नियुक्त गरेको हो ।

काम गर्न सक्ने सक्षम, कमाण्ड गर्न सक्ने, नेतृत्व दिनसक्ने लगायतलाई आधार मानेर नेपाल सरकारले जो कोहीलाई पनि आइजिपी बनाउन सक्ने अवस्था कानूनी व्यवस्था छ । अब कुँवरको कार्यकाल आगामी २०८१ चैतसम्मका लागि हुनेछ । बढुवा भएपछि महानिरीक्षक धिरजप्रताप पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
११ चैत २०७९, शनिबार
25 March 2023, Saturday

बागमती प्रदेश

# मुख्यमन्त्रीलाई दोस्रो पटक विश्वासको मत

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० चैत



बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विश्वासको मत प्राप्त गरेका छन्। प्रदेश सभाको शुक्रबारको बैठकमा उनको पक्षमा ६७ मत र विपक्षमा १७ मत तथा मत दिन्न भन्नेमा सात मत परेको सभामुख भुवन पाठकले जानकारी दिए। प्रदेश सभामा ९१ प्रदेश सभा सदस्यको उपस्थिति रहेको थियो।

तत्कालीन सत्ता साझेदार दल राप्रपाले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री जम्कट्टेलले संविधानबमोजिम दोस्रोपटक संसदबाट विश्वासको मत लिएका हुन्।

प्रदेश सभामा नेपाली कांग्रेसको ३७, नेकपा (एमाले) को २७, नेकपा(माओवादी केन्द्र)को २१, राष्ट्रिय प्रजातन्त्र पार्टीको १३, नेकपा (एकीकृत समाजवादी)को सात, नेपाल मजदुर किसान पार्टीको तीन र हाम्रो नेपाली पार्टीको दुई गरी १ सय १० सदस्य रहेका छन्।

**प्रदेशको विकास र समृद्धि सरकारको लक्ष्य**

बागमतीका मुख्यमन्त्री जम्कट्टेलले प्रदेशको विकास, स्थिरता र आर्थिक समृद्धिको लागि वर्तमान सरकारले विश्वासको मत लिन अपरिहार्य भएको बताएका छन्। शुक्रबार बसेको प्रदेश सभाको बैठकमा उनले विश्वासको मत प्राप्त गर्ने प्रस्तावमाथि छलफलमा जनताप्रति जिम्मेवारी र उत्तरदायित्व बहन गर्ने क्रममा सरकारलाई दिएको सुझावलाई गम्भीरतापूर्वक कार्यान्वयनमा ल्याउने बताए।

उनले जनतालाई संविधान र प्रजातन्त्रप्रति दलको नेतृत्वबाट भएका कमीकमजोरीको कारणले निराशा पैदा भएकोमा चिन्ता व्यक्त गर्दै प्रदेशको भौतिक पूर्वाधार, आर्थिक समृद्धि र जनतालाई शान्ति सुरक्षा र अमनचैन कायम गर्न सरकारले सबै राजनीतिक दलसँग सहकार्य र समन्वयका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे।

**चार मन्त्रीद्वारा राजीनामा**

बागमती प्रदेश सरकारका चार जना मन्त्रीले शुक्रबार राजीनामा दिएका छन्। प्रदेश सभाको बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले आफूसहित नेकपा (एमाले)का तर्फबाट मन्त्री बनेका चारैजना मन्त्रीले राजीनामाको घोषणा गेका हुन्।

नेकपा एमालेबाट श्रम रोजगार तथा यातायातमन्त्री एकालाल श्रेष्ठ, स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठ र कृषि तथा पशुपन्छी विकासमन्त्री केशवप्रसाद पोखरेल छन्। प्रदेश सभामा बोल्दै नेता थपलियाले निर्वाचनपश्चात पाँचदलीय चुनावी गठबन्धन, सरकार गठन गर्न असफल रही सरकार गठनमा अन्योल सिर्जना भएको तत्कालीन अवस्थामा एमालेले बागमती प्रदेशमा मुख्यमन्त्री शालिकाराम जम्कट्टेलको नेतृत्वमा सरकार बनाउन अभिभावकीय र नेतृत्वदायी भूमिका खेलेको बताए। उनले हाल राष्ट्रियरूपमा विकसित पछिल्ला राजनीतिक घटनाक्रम र माओवादी केन्द्र अर्को फरक राजनीतिक गठबन्धन बनाउने दिशातर्फ उन्मुख भएको अवस्थामा जम्कट्टेल नेतृत्वको सरकारमा सहभागी भइरहन नसकिने अवस्थाका कारण संयुक्त राजीनामा दिएको बताए।



शुक्रबार नेपाली आकाशमा देखिएको अर्धाकारको चन्द्रमा र शुक्र ग्रहको दृश्य । *तस्विर/रासस*

# रास्वपाले तीनवटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिने



**काठमाडौं/मस-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी वैशाख १० मा हुने उपनिर्वाचनमा तीन वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिने निर्णय गरेको छ। पार्टीको शुक्रबार बसेको केन्द्रीय समितिको बैठकले तनहुँ १, चितवन २ र बारा २ मा उम्मेदवारी दिने निर्णय गरेको उपसभापति डोलप्रसाद अर्यालले जानकारी दिए। उनले भने, 'तीनवटै निर्वाचन क्षेत्रमा गठबन्धन बिना उम्मेदवार दिने निर्णय भएको छ।'

बैठकले निर्वाचन क्षेत्रको संयोजकसमेत तोकेको छ। चितवन-२ मा उपसभापति डोलप्रसाद अर्याल, तनहुँ-१ मा सहमहामन्त्री कविन्द्र बुर्लाकोटी र बारा-२ मा केन्द्रीय सदस्य गणेश कार्की संयोजक तोकिएको हो। बैठकमा पार्टीको विभागीय जिम्मेवारी बाँडफाँटका विषयमासमेत छलफल भएको उपसभापति अर्यालले जानकारी दिए।

# सगरमाथा आरोहण अनुमति शुरु



**काठमाडौं/मस-** यस वर्षको वसन्तकालीन यामको सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि आरोहण अनुमति दिन शुरु गरिएको छ। पर्यटन विभागका अनुसार यो वर्षको वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि पहिलो १५ जनाको आरोही समूहले आरोहण अनुमति लिएको हो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले सगरमाथा आरोहणमा जाने पहिलो आरोही समूहको टिमलिडरलाई आरोहणको अनुमति दिएको पर्यटन विभागले जनाएको छ।

विभागको पर्वतारोहण शाखाका निर्देशक युवराज खतिवडाले वसन्तकालीन यामका लागि सगरमाथा आरोहण गर्न शुक्रबार पहिलो आरोहण अनुमति जारी गरिएको बताए। उनका अनुसार आरोहण अनुमति लिनेमध्ये १० पुरुष र पाँच महिला छन्। उनीहरू अष्ट्रेलिया, चीन, जर्मनी, हङ्गेरी, सिङ्गापुर, दक्षिण अफ्रिका, थाइल्याण्ड, अमेरिकाका नागरिक हुन्।

सगरमाथाको एकसहित शुक्रबारसम्म अन्य विभिन्न हिमाल आरोहणका लागि १० आरोही समूहले अनुमति लिएको विभागका निर्देशक खतिवडाले जानकारी दिए। विभागका अनुसार वसन्तकालीन याममा विभिन्न हिमालका लागि धमाधम आरोहण अनुमति जारी भइरहेको छ। सगरमाथाबाहेक अन्य हिमाल आरोहणका लागि हालसम्म ५३ जनाले अनुमति लिएका छन्।

आरोहीहरूले सुर्मा सरोवर, अन्नपूर्ण, पाङ्गी गोलदुम्बा, मनास्लु, थोराङपिक हिमाल आरोहण अनुमति लिएका छन्। अनुमति लिनेमध्ये ३६ पुरुष र १७ महिला छन्। यो वर्षको वसन्तकालीन यामका लागि यही चैत ३ देखि आरोहण अनुमति दिन सुरु गरिएको थियो। वैशाखको तेस्रो सातादेखि सगरमाथा आरोहण शुरु हुन्छ। वसन्त ऋतु सगरमाथासहितका हिमाल आरोहणका लागि उपयुक्त मौसम मानिन्छ। यो सिजनमा सगरमाथा आरोहणका लागि उल्लेख्य संख्यामा विदेशी आउँछन्। सगरमाथालगायत अन्य हिमाल आरोहणका लागि अहिले आरोहण अनुमति लिएर आरोही गन्तव्यतिर निस्किएका छन्।

# सञ्चारकर्मी ताम्राकारको निधन



**काठमाडौं/मस-**वरिष्ठ सञ्चारकर्मी कृष्णा ताम्राकारको ८६ वर्षको उमेरमा निधन भएको छ।

रेडियो नेपालकी पूर्वसमाचार सम्पादक एवम् समाचार वाचिका ताम्राकारको बासबारीस्थित न्यूरो अस्पतालमा उपचारका क्रममा बिहीबार राति निधन भएको उनकी छोरी एवम् सञ्चारकर्मी गृष्मा राजभण्डारीले जानकारी दिइन्।

वि.सं. २०१८ मा रेडियो नेपाल प्रवेश गरेकी ताम्राकारले २०४९ सालसम्म रेडियो नेपालमा समाचार वाचनका साथै नासो, हाम्रो देशको माटो, हाम्रो वन हाम्रो जीवनलगायत कार्यक्रम सञ्चालन गरेकी थिइन्। पछिल्लो समय ताम्राकार पर्यटन क्षेत्रमा पनि सक्रिय थिइन्।

ताम्राकार चराचुरुङ्गी संरक्षण तथा आँखा दान प्रोत्साहन अभियान सञ्चालन गरेर समाजसेवामा पनि समर्पित थिइन्। स्व.ताम्राकारको केहीबेरपछि पशुपति आर्यघाटमा दाहसंस्कार गरिने पारिवारिक स्रोतले जनाएको छ।

## शहरमा...

२०७८ को गणनामा सहरी जनसंख्या ६६.१७ प्रतिशत छ भने गाउँको जनसंख्या ३३.८३ प्रतिशत छ। जबकि संघीय संरचनापछि स्थानीय तहलाई नगरपालिका र गाउँपालिकामा गरिएको वर्गीकरणको आधारमा २०६८ सालको जनसंख्यालाई समायोजन गर्दा नगरपालिकाहरुको जनसंख्या ६३.१९ प्रतिशत र गाउँपालिकाहरुको जनसंख्या ३६.८१ प्रतिशत रहेको थियो।

यस आधारमा स्थानीय तहको समायोजनपछि मात्रै सहरी जनसंख्या ३ प्रतिशतले बढेको छ भने ग्रामीण जनसंख्या त्यही हाराहारीमा घटेको छ। शहरीकरण र महंगीको मार बालबालिका परेका छन्। नेपालका तीन प्रतिशत बालबालिका बाबुआमा दुवैबाट अलग भएर बस्न बाध्य रहेको तथ्यांकले देखाएको छ। बाह्रौं राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार अठार वर्षभन्दा कम उमेरका बालबालिकाको संख्या ९८ लाख ६९ हजार ५ सय ८३ छ। तीमध्ये तीन प्रतिशत बालबालिका बाबुआमा दुवैबाट टाढा छन्।

७७.९ प्रतिशत बालबालिका बाबुआमा दुवैसँग बसिरहेका छन्। आमासँग मात्रै बस्ने बालबालिकाको संख्या १७.१ प्रतिशत छ भने बाबुसँग मात्रै बस्ने बालबालिकाको संख्या १ प्रतिशत छ। बाबुआमाभन्दा अलग रहेका बालबालिका भने कोही आफन्त वा नातेदारसँग बसिरहेका छन् भने कोही जोखिमयुक्त श्रम र घरायसी काममा लगाइएका छन्।

राष्ट्रिय जनगणना-२०७८ मा मुख्य प्रयोग अनुसार देशभरका सम्पूर्ण घरहरुको विवरण संकलनसमेत गरिएको छ। घरको धेरैजसो भाग के कामका लागि प्रयोग भएको थियो सोको आधारमा मुख्य प्रयोगलाई विभिन्न १२ प्रकारमा वगीकरण गरिएको छ।

जनगणनाको नतिजाअनुसार देशभर जम्मा ७५,५२,०६६ वटा घर संरचना रहेको छ, जसमध्ये मुख्य रूपमा आवासका लागि प्रयोग भएका घर ७१.७ प्रतिशत, गोठ/धन्सार/मतान १०.१ प्रतिशत, खाली घर ६.३ प्रतिशत, अन्य (जस्तैः भान्सा घर) ५.९ प्रतिशत, व्यापार ३.१ प्रतिशत, शैक्षिक १.१ प्रतिशत, उद्योग/कलकारखाना र संस्थागत तथा सरकारी ०.४/०.४ प्रतिशत, होटल तथा लज ०.३ प्रतिशत, स्वास्थ्यजन्य ०.२ प्रतिशत र बैंक तथा वित्तीय संस्था ०.१ प्रतिशत रहेका छन्।

प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी लुम्बिनी प्रदेशका ७५.० प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशका ६८.० प्रतिशत घरहरू मुख्य रुपमा आवासको लागि प्रयोग भएका छन्।

त्यस्तै परिवारले आवासीय रुपमा प्रयोग गरिरहेको घरको स्वामित्वमा कुल ६६,६०,८४१ परिवारमध्ये ८६.० प्रतिशत परिवारहरु आफ्नै स्वामित्वको घरमा बसोबास गरिरहेका छन् भने १२.८ प्रतिशत परिवारहरु भाडामा लिइएको आवासीय एकाइमा बसिरहेका जनगणनामा उल्लेख छ। गत २०६८ सालको जनगणनामा यो मान क्रमशः ८५.३ प्रतिशत र १२.८ प्रतिशत रहेको थियो। हालको गणनाअनुसार ०.६ प्रतिशत परिवारहरु संस्थागत एकाइमा र ०.७ प्रतिशत परिवार अन्य प्रकारको स्वामित्वको एकाइमा बसोबास गरेका छन्।

## विभागद्वारा...

बताउँदै सचेत हुन पटक-पटक आग्रह गर्दै आएपनि योजनावद्ध ठगीका घटना सार्वजनिक भइरहेका छन्। वैदेशिक रोजगारीमा जानुपूर्व श्रम स्वीकृति लिनुपर्ने अनिवार्य गरिएको भन्दै विभागले बिना श्रम स्वीकृति वैदेशिक रोजगारीका लागि नजानपनि सचेत गराएको छ।

शैक्षिक कन्सल्ट्यान्सीहरूले वैदेशिक रोजगारीका लागि जापान, युरोपेली मुलुक, अमेरिका र क्यानडा पठाइदिने भन्दै तेस्रो व्यक्ति खडा गरेर लाखौं रुपैयाँ ठगी गरिएको उजुरी आएको भन्दै विभागले अनुगमन गर्न शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराइसकेको छ।

## साक्षर...

तथ्यांकले देखाउँछ। अहिलेसम्म ६१ जिल्ला साक्षर घोषणा भएपनि मधेस प्रदेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा, लुम्बिनी प्रदेशको कपिलवस्तु, कर्णाली प्रदेशको मुगु, जुम्ला, हुम्ला, कालिकोट, डोल्पा, सुदूरपश्चिम प्रदेशको कञ्चनपुर र डोटी साक्षर हुन बाँकी छ। 'साक्षरता र जीवनपर्यन्त शिक्षाले १५ वर्ष उमेरमाथिका सबै युवा र प्रौढको जीवनपर्यन्त सिकाइका लागि आधार प्रदान गराउने' भन्ने लक्ष्यसहित सो कार्यक्रम सुरु गरिएपनि हालसम्म उक्त योजनाले सार्थकता पाउन सकेको छैन। हाल नेपालमा ३५ हजार छ सय ७४ विद्यालय रहेका छन्। जसमा २७ हजार आठ सय १२ सामुदायिक, छ हजार सात सय ३२ निजी, १ हजार एक सय ३० परम्परागत विद्यालय रहेका छन्। त्यस्तै दुई हजार एक सय ५१ सामुदायिक सिकाइ केन्द्र, एक सय २१ खुला विद्यालय, औपचारिक प्रौढ विद्यालय एक सय ७१ रहेको शिक्षामन्त्रालयको तथ्यांकले देखाउँछ। साक्षर जिल्ला घोषणा हुन बाँकी रहेका स्थानमा सरोकारवालासँग अभिमुखीकरण, साक्षरताका १२ सूचकहरूलाई समावेश गरी सिकाई सामग्री उत्पादन गरेर वितरण, विद्यार्थी परिचालन गरी घर, परिवार र समुदायलाई साक्षर बनाउने गरी कार्यक्रम गरिहेको सरकारी पक्षले दाबी गर्दै आएको छ।

तरपनि, आर्थिक वर्ष २०७१/७२ लाई 'निरक्षरता उन्मूलन वर्ष' भनी घोषणा गरे पनि उक्त घोषणा हालसम्म कार्यान्वयन हुन सकेको छैन। बरु, हरेक वर्ष साक्षरताका लागि बजेट छुट्याउने अनि प्रभावकारी काम नगरि बजेट सक्ने काम मात्रै भईरहेको छ। विकास निर्माणका कामदेखि साक्षर अभियान समेतमा सरकारले प्रभावकारी काम नगर्दा सरकारप्रतिको जनविश्वास झनै गुम्ने विश्लेषण हुन थालेको छ।

## प्रहरी...

सिंहसहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको भेटमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एआईजी बढुवा विवादरहित भएको भन्दै खुशी व्यक्त गरे।

गृह मन्त्रालयले ८ असारमा पहिलो नम्बरमा डीआईजी बढुवा गरेपछि कुँवर वरियतामा अगाडि आएका थिए। एआईजी बढुवासम्म आइपुग्दा उमेर विवादका कारण अर्का दाबेदार अशोक सिंहले राजीनामा दिएपछि उनी महानिरीक्षकका लागि बलियो प्रतिष्पर्धी बने।

कुँवर प्रहरी नायब महानिरीक्षक छँदा मधेश प्रहरी प्रमुख थिए। एसएसपी छँदा उनले उपत्यका अपराध अनुसन्धान कार्यालयको नेतृत्व समेत गरेका थिए।

कुँवरले शंकरदेव कलेज काठमाडौंबाट स्नातकोत्तर तहसम्मको अध्ययन गरेका छन्। उनी प्रहरीभित्र हक्की स्वभावका व्यावसायिक अधिकृत मानिन्छन्।

नवनियुक्त आईजीपी कुँवरले प्रहरीको आन्तरिक शुद्धीकरण आफ्नो प्राथमिकता हुने बताएका छन्। विगतदेखि संगठनले लिएका प्राथमिकतालाई नै आफूले निरन्तरता दिने बताउँदै उनले भने, 'त्यसबाहेक संगठनभित्र आन्तरिक शुद्धीकरण गर्नु मेरो मुख्य प्राथमिकता हुनेछ।'

कुँवरले प्रहरीको मनोबल र छवि बढाउँदै सरकारको सुशासन र समृद्धिको यात्रामा सहयोगीको भूमिका खेल्ने बताए। उनले भने, 'प्रहरीको आचरण र व्यवहारमा पनि शुद्धीकरण गरेर संगठनको छवि उचाल्ने काम मेरो कार्यकालमा हुनेछ।'

# बाघको आक्रमणबाट मृत्यु

**कन्चनपुर/मस-** कन्चनपुरको पुनर्वास नगरपालिका-१० भीमबस्तीका ३२ वर्षीया कलशा सार्कीको बाघको आक्रमणबाट शुक्रबार मृत्यु भएको छ।

भारतीय दुधुवा नेशनल पार्कमा घाँस काट्न गएका बेला बाघको आक्रमणमा परी कलशाको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय त्रिभुवनबस्तीका प्रमुख प्रहरी निरीक्षक नरेशराज मल्लले जानकारी दिए।

'पारि एसएसबीको नम्बर ८ क्याम्पबाट करिब डेढ किलोमिटरभित्र जङ्गलमा यहाँबाट सात-आठ जना महिला घाँस काट्न गएका रहेछन्, सोही क्रममा कलशालाई बाघले आक्रमण गरेको हो', उनले भने।

प्रहरीका अनुसार अन्य महिलाहरु सकुशल छन्। प्रहरीले मुचुल्कालगायतको प्रक्रिया सकेपछि शव नेपाल प्रहरीलाई बुझाउने प्रमुख प्रहरी निरीक्षक मल्लले बताए। 'शव आजै बेलौरी प्राथमिक स्वास्थ्य केन्द्रमा लगेर परीक्षण गर्ने तयारी छ, मतृकको घाँटी र टाउको चोट देखिएको छ', उनले भने।

# प्रहरीको लाठीबाट घाइते लिम्बूको निधन



**काठमाडौं/मस-** कोशी प्रदेशको नाम खारेजी गर्नुपर्ने मागसहित आन्दोलनमा रहेका बेला प्रहरीको लाठीबाट घाइते भएका एक आन्दोलनकारीको उपचारका क्रममा मृत्यु भएको छ। नाम खारेजीको मागसहित चैत ५ गते विराटनगरमा भएको प्रदर्शनमा प्रहरीको लाठी प्रहारबाट घाइते पदम लिम्बू लागेहाङको मृत्यु भएको हो।

धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा उनको मृत्यु भएको बताइएको छ। टाउकोमा चोट लागेका लिम्बू मंगलबार राति अचानक बेहोस भएपछि उपचार गर्न प्रतिष्ठानमा लगिएको थियो।

# झुटो विवरण पेस गरेर जन्मदर्ता बनाउने पक्राउ



**काठमाडौं/मस-** झुटो विवरण पेस गरी जन्मदर्ता बनाउने तीन जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा धादिङको ज्वालामुखी गाउँपालिका ६ का श्यामबहादुर नगरकोटी, उनकी श्रीमती हिममाया नगरकोटी र चितवनको रत्ननगर १२ टाँडी घर बताउने अमिर खान रहेका छन्।

सन्ताउन वर्षीय नगरकोटी दम्पतीले २२ वर्षीय खानलाई आफ्नो छोरा रोशनी नगरकोटी हो भनी वडा कार्यालयमा झुटो विवरण दिई जन्मदर्ता प्रमाणपत्र बनाएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले जानकारी दिए।

झुटो विवरण पेस गरेर बनाएकै जन्मदर्ताको आधारमा नेपाली नागरिकता (वंशज) प्रमाणपत्रका लागि अनुसुची १ बमोजिमको फारमसमेत भरी सकेपछि शङ्का लागि वडा कार्यालयले प्रहरीलाई खबर गरेपछि अनुसन्धान गर्ने क्रममा झुटो प्रमाणित भएको उनले जानकारी दिए। पक्राउ परेका तीनै जनालाई झुटो विवरण पेस गरी जन्मदर्ता प्रमाणपत्र बनाएको कसूरमा मुद्दा दर्ता गरिएको प्रहरी नायब उपरीक्षक जैसवारले जानकारी दिए। थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# नेपालमा बढ्दो कुपोषण



मध्यान्ह संवाददाता
काठमाडौं, १० चैत

बाजुरामा हालै कुपोषणकै कारण एक बालकको मृत्यु भयो । जिल्ला अस्पताल बाजुरामा उपचाररत एक कुपोषित ५ महिने बालकको मृत्यु भएको हो । बुढीनन्दा नगरपालिका-६ बस्ने रमिता नेपालीको पाँच महिने बालकको उपचारका क्रममा मृत्यु भएको हो ।

कुपोषणबाट ग्रसित बालकलाई जिल्ला अस्पतालस्थित पोषण पुनर्स्थापना केन्द्रमा ९ दिन अघि उपचारका लागि भर्ना गरिएको थियो । बालकमा कडा कुपोषण रहेकाले बचाउन नसकेको जिल्ला अस्पताल बाजुराकी पोषण संयोजक निर्मला सुनारले बताइन् । डेढ महिना अगाडि पनि कुपोषणको उपचार गर्न ती बालकलाई पोषण पुनर्स्थापनामा राखिएको थियो । डेढ साताको उपचार पछि अवस्था सामान्य भएको भन्दै स्वास्थ्यकर्मीले घर पठाएका थिए । बालक पुनः बिरामी परेपछि उपचारका लागि जिल्ला अस्पताल पुऱ्याइएको थियो । अन्तिम अवस्थामा अस्पतालमा पुऱ्याएकाले बालकलाई बचाउन नसकिएको जिल्ला अस्पताल बाजुराले जनाएको छ । बाजुराको स्वामिकार्तिक खापर गाउँपालिका-१ मुक्तिकोटमा वैशाख यता पाँच बालबालिकाको कुपोषणकै कारण मृत्यु भएको छ । बाजुरा बर्सेनि धेरै बालबालिकाको कुपोषणका कारणले मृत्यु हुने गरेको छ । बाजुरा लगायत धेरै जिल्लाका बालबालिकाहरु कुपोषणको सिकार हुने गरेका छन् ।

नेपालमा जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०२२ ले मधेस प्रदेशमा २९ प्रतिशत बालबालिकामा पुड्कोपन, १० प्रतिशतमा ख्याउटेपन, २७ प्रतिशतमा कम तौल र ५१ प्रतिशतमा रक्त अल्पता भएका पाइएको छ । बागमती प्रदेशमा भने अरु प्रदेशको तुलनामा पोषणको अवस्थामा राम्रो देखिएको छ ।

सन् २००१ मा गरिएको अध्ययनले पोषणको कमीका कारण पाँच वर्ष मुनिको बाल मृत्यु दरप्रति १००० मा ९१ रहेकोमा सन् २०२२ मा घटेर ३३ पुगेको छ ।

यस्तै जन्मेको एक वर्षभित्र शिशुको मृत्यु (प्रति १००० जीवित जन्ममा) सन् २००१ मा ६४ रहेकोमा सन् २०२२ मा २८ रहेको छ । जन्मेको २८ दिनभित्रको शिशुको मृत्यु (प्रति १००० जीवित जन्ममा) सन् २००१ मा ३९ रहेकोमा सन् २०२२ मा २१ छ ।

नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०२२ को तथ्यांकअनुसार नेपालमा पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनको दर उच्च छ भने ख्याउटेपन र कम तौलको दर मध्यम छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग पोषण शाखाका प्रमुख लीलाविक्रम थापाले जनसांख्यिक सर्वेक्षण २०२२ को प्रारम्भिक नतिजा अनुसार नेपालमा कुपोषण जनस्वास्थ्यको समस्या बन्दै गएको बताउँछिन् ।

कुपोषणको समस्या घटाउन सरकारले कुपोषण र ख्याउटेपनको समस्या भएका बच्चाहरु लक्षित गरी देशव्यापी तयारी खाना (पल्पीनट) खाना दिने गरेको छ । यो खाना खाएपछि एक महिनामा ख्याउटेपन कुपोषण लागेको बच्चाको स्वास्थ्यमा सुधार आउने अपेक्षा राखेको छ । त्यसैगरी, सरकारले छ महिनामाथिका बालबालिकालाई लक्षित गरी सरकारले निःशुल्क खानामा मिसाएर खाने बालभिटा वितरण गर्दै आइएको छ ।

**न्यूनपोषण र अधिक पोषणको अवस्थामा सुधार्न आग्रह**

नेपालमा पोषणसम्बन्धी कार्यक्रम तथा सेवाहरू सञ्चालन हुँदै आए पोषणको पर्याप्तता नभएको पाइएको छ ।

नेपालमा बालपोषणको अवस्था चुनौती र सरोकारवालाको भूमिका तथा बालपोषणको अवस्था पुस्तिका सार्वजनिक गर्न आज आयोजित कार्यक्रममा सहभागी सरोकारवालाले महिला, बालबालिका तथा किशोर किशोरीका लागि पोषणको व्यवस्था गर्न बजेट बढाउन सुझाव दिएका छन् ।

जागृति बाल तथा युवा सरोकार नेपालले तयार पारेको 'नेपालमा बाल पोषणको अवस्था २०७९' सार्वजनिक गर्दै उक्त राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले कुपोषण कम गर्नका लागि सचेतनाको खाँचो रहेको बताए ।

कुपोषणमुक्त समाज, बालबालिका राष्ट्रिय गौरवको आधार भन्ने नाराका साथ सुरु गरिएको कार्यक्रममा सुनौलो हजार दिनमा नै समग्र मानिसको विकासको आधार रहने भएकाले यसबारे गम्भीर भएर सोच्नुपर्ने उनको भनाइ छ ।

पुस्तकमा सुझाव दिइएअनुसार पोषणको अवस्था बढाउनका लागि स्थानीय तहले ध्यान दिनुपर्नेमा उनले जोड दिए ।

राष्ट्रिय योजना आयोगका सहसचिव डा.किरण रुपाखेतीले 'नेपालमा बालबालिका पोषणको अवस्था' प्रस्तुतीकरण गर्दै मधेस प्रदेशमा पाँच वर्षमुनिका बालिबालिकामा पोषणको अवस्था निकै कम देखिएको बताए ।

राष्ट्रिय मानव अधिकार आयोगका लिली थापाले सामाजिक सुरक्षा भत्ता कति र कहिलेसम्म भन्ने विषयमा समीक्षा गर्नुपर्ने दिन आएको विभिन्न अनुसन्धानात्मक सुझाव आएको बताइन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव यमलाल भुसालले भएका कानुनको कार्यान्वयनका अवस्थाको मूल्यांकन गरी राखिएको र बालबालिकाका विषय अन्तरमन्त्रालय सरोकारको विषय रहेको भन्ने विषयमा आफ्नो भनाइ राख्दै सबै कार्य योजना बनाएर जिम्मेवारीसहित काम बाँडफाँट गरिएको बताए ।

प्लान नेपालको सहयोगमा आयोजित कार्यक्रममा जागृति युवा तथा बाल सरोकार नेपालका अध्यक्ष तिलोत्तम पौडेलले कुपोषणको समस्या समाधान गर्न नागरिक समाजको महत्वपूर्ण भूमिकामा जोड दिए ।

संघीय मामिला तथा सामान्य मन्त्रालयका उपसचिव रेशम कँडेल, स्वास्थ्य मन्त्रालयको पोषण शाखा प्रमुख लिला विक्रम थापाले सरकारले बहुक्षेत्रीय पोषण कार्यक्रम लागू गरिराखेको र विभिन्न निकायसँग समन्वय गरेर काम भइरहेको कुरा जानकारी गराएका थिए ।

# रानीपोखरी खुला गरिने



**काठमाडौं /मस–**काठमाडौं महानगरपालिकाले बिहान ६ देखि ८ बजेसम्मका लागि ऐतिहासिक रानीपोखरी सबैका लागि खुला गरेको छ । पुनःनिर्माणपछि रानीपोखरी पहिलोपटक सर्वसाधारणका लागि बिना शुल्क खुला गरिएको हो ।

नगर प्रहरीले सरसफाइ गरेपछि एक साताअघिबाट सर्वसाधारणका लागि उक्त ऐतिहासिक पोखरी खुला गरिएको हो । कामपाका प्रवक्ता नवीन मानन्धरका अनुसार अहिले बिहान ६ देखि ८ बजेसम्मका लागि पोखरी खुला गरिएको छ । कुनै अवरोध नआए तीन सय ६५ दिन नै पोखरी सबैका लागि खुला राख्ने तयारी महानगरपालिकाको छ ।

उनले भने,'पोखरीमा सर्वसाधारणको आवतजावत बढेपछि पोखरीलाई छिटो सरसफाइ गरी सौन्दर्य कायम राखिने छ, यो काठमाडौंको सान हो ।' वि.सं. २०७२ को गोरखा भूकम्पले क्षति पुगेको ऐतिहासिक पोखरीको पुनः निर्माणका लागि शिलान्यास पनि सोही वर्ष माघ २ गते तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीबाट भएको थियो ।

पुनःनिर्माण कार्य सकी वि.सं. २०७७ कात्तिक ५ मा नै उद्घाटन गरिएपनि राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले २०७८ पुस ८ गतेमात्र महानगरपालिकालाई रानीपोखरी हस्तान्तरण गरेको थियो । हस्तान्तरणपछि सबैका लागि खुला गर्न कामपाले पटक-पटक प्रयास गरेको जनाएको थियो । भूकम्पका कारण पोखरी र पोखरीको बीच भागमा रहेको बालगोपालेश्वर मन्दिर पनि क्षति भएको थियो ।

यसअघि गम्बज शैलीमा निर्माण गरिएको रानीपोखरीको बीचमा रहेको बालगोपालेश्वरको मन्दिर विज्ञहरुको प्रतिवेदनअनुसार प्रताप मल्लको पालामा बनाइएको ग्रन्थकुट (शिखर) शैलीमा पुनःनिर्माण सम्पन्न गरिएको हो । शिलान्यास भएको करिब पाँच वर्षपछि मात्र रानीपोखरी पुनःनिर्माणको काम सम्पन्न भएको छ । प्रताप मल्लका छोरा चक्रवर्तेन्द्र मल्लको निधनपछि रानीको चित्त बुझाउन रानीपोखरीको निर्माण गराएको शिलालेखमा उल्लेख छ । पोखरीको बीचमा त्यसैबेला बालगोपालेश्वर मन्दिर स्थापना गरिएको थियो । प्रताप मल्लले आफ्ना छोरा चक्रवर्तेन्द्रको नाममा यो पोखरी बनाएका हुन् ।

पोखरीमा एक सय आठ तीर्थको जल हालिएको इतिहासकार बताउँछन् । प्रताप मल्लले निर्माण गर्दा पोखरीको चारैतिर चार मन्दिर स्थापना गर्न लगाएको पाइन्छ । उत्तर-पश्चिम कुनामा शक्तिसहितको भैरवको मन्दिर, उत्तर-पूर्व कुनामा भैरवको मन्दिर, दक्षिण-पूर्व कुनामा देवीको मन्दिर र दक्षिण-पश्चिममा सोह्रहाते गणेश स्थापना गरेको देखिन्छ ।

"आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै बिन्ति गरुन झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो,"

भावपूर्ण श्रद्धाञ्जली



जन्म:
२८ डिसेम्बर
१९४९

स्वर्गारोहण:
१५ मार्च
२०२३

स्व. राम प्रसाद गुरुङ्ग

यस संस्थाका निर्वतमान प्रबन्ध निर्देशक तथा गोर्खा मल्टि स्किल्स प्रा.लि.का संस्थापक निर्देशक श्री राम प्रसाद गुरुङ्गज्यूको यू.के. मा भएको असामायिक निधनले हामी सकल परिवार मर्माहत भएका छौं । यस दुःखद घडीमा वहाँको दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं साथै परिवार जनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

अध्यक्ष तथा ब्रिटिश गोर्खा ओभर्सिज सर्भिसेज (प्रा.) लि. परिवार
गोर्खा मल्टि स्किल्स प्रा.लि परिवार, शान्तिचोक -४, ललितपुर
अडिटर - बहादुर सिंह विष्ट
कानूनी सल्लाहकार - रमेश घिताल

# 'खोज र खोप' अभियान सञ्चालन



**नेपालगन्ज/मस–** नेपालगन्जमा पूर्णखोप सुनिश्चितता र दिगोपनामा निरन्तरताका लागि 'खोज र खोप' अभियान सञ्चालन भएको छ ।

नेपालगन्ज उपमहानगरपालिकालाई गत वर्ष नै पूर्णखोप घोषणा गरिए पनि केही महिनाअघि दादुरा महामारी देखिएको थियो । दादुरा सङ्क्रमित बालबालिकाले खोप नलगाएको पाइएपछि अहिले पूर्णखोप सुनिश्चितता र दिगोपनामा निरन्तरताका लागि 'खोज र खोप' अभियान सञ्चालन गरिएको उपमहानगरपालिकाका स्वास्थ्य महाशाखा संयोजक रामबहादुर चन्दले जानकारी दिए ।

उनका अनुसार पूर्णखोप सुनिश्चितता र दिगोपनामा निरन्तरताका लागि कार्ययोजना तयार गर्न वडा-वडामा कार्यशाला गोष्ठी भइरहेका छन् ।

युनिसेफको सहयोगमा उपमहानगरपालिकाको स्वास्थ्य महाशाखाले सबै वडाका स्वास्थ्य केन्द्रमा पुगेर कार्यशाला गोष्ठी गरिरहेको छ । वडास्तरदेखि नै छुट बच्चाको खोजी र खोप प्रदान गर्ने नियमित प्रक्रियाको विकास गर्ने उद्देश्यले कार्यशाला गोष्ठी गरिरहेको उपमहानगरपालिकाका जनस्वास्थ्य निरीक्षक जागेश्वर बस्नेतले बताए ।

वडास्तरमा जनप्रतिनिधि, स्वास्थ्यचौकी प्रमुख, स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयंसेविका, स्थानीय विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, शिक्षक प्रतिनिधिलगायतको उपस्थितिमा सबैजसो वडामा 'खोज र खोप' अभियानबारे छलफल र अन्तरक्रिया भइसकेको बस्नेतले जानकारी दिए ।

## मलेसियामा रोजगार | कम्पनी: LONGCANE INDUSTRIES SDN. BHD.

पुर्व स्वीकृत मिति:२०७९/१२/१० चलानी नं.:६०१९८८०३ L.T. No.: 283242

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Rm | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४४,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: SINPPA INDUSTRIAL SDN BHD

पुर्व स्वीकृत मिति:२०७९/१२/१० चलानी नं.:६०१९८८०१ L.T. No.: 283273

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Rm | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 102 | 0 | स. काममा दक्ष | 1500 | ४४,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ चैत १८ गते (1 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 11/044/045
PEACE INTERNATIONAL PVT. LTD.
Pingalastha-9 Gaushala, Kathmandu, Tel.: 015913706/015913707, Fax: 4113708
Email: ipe pce.intlovs@yahoo.com, Web.: www.peaceintl.com.np

## साउदीमा रोजगार | कम्पनी: AL ESNAD SPECIALIZED LIMITED COMPANY

शहर: Al- Salamah District

पूर्व स्वीकृत मिति: २०७९/०१/१३ चलानी नं.: ६०१७८५९७ LT. No.: 262290 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour/Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र १८ गते (1 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Link International Placement Service Pvt.ltd.
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## UAE मा रोजगारको अवसर

1.Ejadah Asset Management Group

पूर्व स्वीकृती मिति: २०७९/१२/१० चलानी नं. ६०१९८७८८ LT No. 283377

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खान सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 100 | 50 | साधारण | 900 | ३२,३८५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

2.Spark Security Services Sole Proprietorship LLC

पूर्व स्वीकृती मिति: २०७९/१२/१० चलानी नं. ६०१९८७८७ LT No. 283264

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 100 | 25 | [illegible] | 2000 | ७१,९९२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Security Guard-SIRA | 100 | 25 | | 1200 | ४३,१९५।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०७९ चैत २३ गते (6 Apr., 2023) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि. श्रम ईजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank संगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८



## कथा

# रंग बदलिएपछि...

हिजोसम्म त ऊ यस्ती थिइन । सोझी, मितभाषी र स्नेहालु थिई । तर, आज बातैपिँच्छे उसलाई होच्याउँछे, थानामा थुनाउने धम्की दिन्छे । के मैले उसँग विवाह गरेर कुनै अपराध गरेँ त ? समाजले दलित भनेर हेप्ने परिवारकी उसलाई मैले जीवन संगिनी बनाएँ । तर, किन उनी कहिल्यै मेरी जीवन संगिनी बन्न सकिनन् त ? आफ्नो गायन प्रस्तुतिमा पनि उसले आफूलाई एकाग्र राख्न सकेन । उसलाई घरको कलहले पछ्याउन छाडेन ।



■ इन्द्रकुमार श्रेष्ठ 'सरित्'

रुँदारुँदै निदाएको बालखा छोरो प्रत्युषको मुहार हेरेर प्रीतमको मन कुँडियो । कठै ! नतः यसले आमाबाट यथेष्ठ माया पाउँछ नतः म बाबुले नै पर्याप्त समय दिन सक्छु । हामी आमाबाबुको व्यस्त दिनचर्याले यसलाई कत्ति कहाली लाग्दो होला ? विद्यालयबाट घर फर्केपछि आमाबाबु दुबैलाई नभेट्दा यसलाई कत्ति न्यास्रो लाग्दो होला ? तर यी कुरा हर्षिकाको सामु गर्नुको कुनै अर्थ नै छैन । उनलाई घर, परिवार र छोरोको कुनै ध्याउन्नै हुन्न जबकि घरबाहिर चाहिँ उनी घरलाई कसरी स्वर्ग बनाउन सकिन्छ भनेर भाषण गर्छिन् । प्रीतमलाई अचम्म लाग्छ, मानिसले मुखले एउटा कुरा र व्यवहारमा अर्को कुरा कसरी गर्न सक्छ ? प्रीतमले हर्षिकालाई धेरैचोटि नसम्झाएको होइन तर, सकारात्मक परिणाम कहिल्यै आएन । प्रीतमले घडी हेर्‍यो रातको एघार बजिसकेछ । माघको ठिहीमा चिसो होला भनेर उसले हर्षिकाका लागि हटकेशमा खाना राख्यो । अनि भान्छा सफा गरिसकेपछि कोठामा आएर छोरोसँगै बिछ्यौनामा ढल्कियो । ऊ झपक्क निदाएको मात्र रहेछ ढोका ढकढकाएको चर्को आवाजले प्रीतम ब्यूँझियो ।

"कुम्भकर्ण जसरी कसरी सुत्न सक्या होला ?", प्रीतमले ढोका खोल्नेबित्तिक्कै नशाको सुरमा हल्लिँदै हर्षिका कोठामा पसिन् ।

'हर्षु, पार्टीबाट यसरी पिएर नआऊ छोरोमाथि नराम्रो असर पर्छ भनेर मैले तिमीलाई कत्ति सम्झाइसकेँ । तैपनि किन तिमी नसुनेझैं गर्छ्यौ ?", प्रीतमले दुःखी मनले भन्यो ।

"चुप लाग, पाखे ! सोसाइटीमा कसरी बाँच्नुपर्छ भन्ने कुरा तिमी पाखेलाई के था' ?" आँखै नखोली हर्षिका बडबडाइन् ।

"हो हो, सोसाइटीमा बाँच्न त तिमीजस्ती रक्सीको दासलाई मात्र आउँछ नि", निदाएको छोरोलाई उठाउँदै प्रीतमले पनि व्यंग्य गर्‍यो र बाबुछोरा गएर अर्को कोठामा सुते ।

छोरोलाई विद्यालय पठाएपछि प्रीतमले कोठामा आएर हेर्दा हर्षिका अझै सुतिरहेकी थिइन् । उसले घच्घच्याउँदै हर्षिकालाई उठायो ।

"हर्षिका दश बजिसक्यो, उठ्नु पर्दैन ?", प्रत्युत्तरमा हर्षिका हलचल नगरी सुतिरहिन् । प्रीतमले हर्षिकालाई हेरिरह्यो । उफ ! यस्ती मान्छे त नेतृ अरे ! नेतृ नै यस्ती भएपछि कार्यकर्ता कस्ता होलान् ? प्रीतमको ओँठमा व्यंग्यात्मक मुस्कान देखापर्छ । जसले आफ्नै घर सम्हाल्न जान्दैन उसले अर्काको घर के सपार्छ ? टेबलमा रहेको आफ्नो र हर्षिकाको तस्वीरलाई हेर्‍यो उसले । विवाह हुँदानहुँदै हर्षिकामा यस्तरी रातारात परिवर्तन आउला भन्ने पूर्वानुमान उसलाई कहाँ थियो र ? बाबुआमाको चर्को बिरोध हुँदाहुँदै पनि उसले अन्तरजातीय विवाह गरेको थियो । आफैले रोजेको आफ्नो जीवन साथीमा प्रीतमलाई पूर्ण विश्वास थियो । तर, विश्वासको पाइन् चढ्दा नचढ्दै यसरी झर्ला भन्ने पूर्वाभास त्यसबेला कहीँ कतै थिएनन् ।

कार्यक्रमका लागि जोडतोडका साथ चलिरहेको संगीत अभ्यासका लागि ऊ घरबाट निस्कियो । घर शब्द सम्झिँदा पनि उसको छाती चरक्क चिरिएर आउँछ । आमाबाबु जतिसुकै रिसाए तापनि आफ्ना छोराछोरीको दुःख देख्नै सक्दैनन् भन्ने कुराको पछिल्लो ज्वलन्त उदाहरण बनिन् प्रीतमकी आमा । डेराको बसाईंमा छोरोले निकै दुःख पाएको सुनेपछि आमाबाट पाएको आर्थिक सहयोगले नै राजधानीमा उसले यो दुई कोठाको फ्ल्याट जोर्न सफल भएको थियो । तर, सन्तानको पीरमा दुःखी हुने त्यस्ती ममतामयी आमाको आगमन पनि सह्य हुँदैन हर्षिकालाई जबकि आमा आउँदा जहिले पनि बुवाको नजर छलेर आउनुपर्छ भन्ने कुरा हर्षिकालाई राम्रैसँग थाहा छ । दुःखी मनले गह्रौं पाइला चाल्दै प्रीतम घरबाट निस्कियो ।

गायन कार्यक्रम सकिएपछि होटलको गाडीबाट प्रीतम घर फर्किंदा बिहानको तीन बजिसकेको थियो । बेलैले हर्षिकालाई उठाएर ऊ घरभित्र पस्यो । हर्षिकाले प्रीतमसँग झगडा गर्न सानोतिनो भूमिका बनाइसकेकी थिइन् तर, प्रीतमले हर्षिकाको कुरा सुने पनि नसुनेझैं गरेर अर्को कोठामा गएर सुत्यो । ऊ उठ्दा छोरो विद्यालय गइसकेको रहेछ । हातमुख धोइसकेर उसले भान्छामा गएर हेर्दा भान्छा चिसै रहेछ ।

"हर्षिका खाना किन नबनाएको ?", प्रीतमले भान्छाबाटै सोध्यो ।

"तिम्रो लागि सधैं खाना ठीक्क पारिदिने म तिम्री नोकर्नी हो र ?", हर्षिकाले च्याँट्ठिदै जवाफ दिइन्, "खाने मन भए पकाऊ, खाऊ । नखाने भए मलाई के मतलब ?"

"तिमीलाई केसँग मतलब छ त ?" हर्षिकासामु आएर प्रीतमले सोध्यो, "तिमीलाई छोरोको चासो छैन, घरको वास्ता छैन, लोग्नेको मतलब छैन भने तिमीलाई मतलब चाहिँ के को छ, भन त हर्षिका ? तिमीले भन्न खोजेको के हो ?" हर्षिका योविधि श्वार्थी र रुखो भएको देख्दा त्यसैत्यसै जङ चलेर आयो प्रीतमलाई । हर्षिकाको कुराले साह्रै चित्त दुख्यो उसको ।

"मेरो अगाडि धेरै कराउने हैन है, चुप लागेर बस, बाउन बाजे । धेरै करायौ भने पुलिसमा गएर रिपोर्ट गर्दिन्छु यो बाउनले मलाई सधैं कुट्छ , पिट्छ, दाइजो ल्याएन भनेर हेला गर्छ भनेर महिला आयोगमा



गएर रिपोर्ट गरेर देखाई दिन्छु बाउनचरीलाई दिउँसै सपना । अनि था पाइएला बाउनबाजे, आटादालको भाउ", आँखा नचाएर हर्षिकाले भनिन्, "ठूलो-ठूलो स्वर गरेर मलाई जित्न खोज्नु पर्दैन । अपमानको मुद्धा हालिदिऊ आयोगमा ? कि जाऊ अहिले नै प्रहरी चौकी र थुनाई दिऊ मलाई ठूलो स्वर गर्नेलाई ? बाउनबाजेले महिला नेतृको पावरलाई चिन्याजस्तो लागेन । होस् गर है, बाउनबाजे, होस् गर ।"

"आफ्नो लोग्नेसँग कसरी बोल्नुपर्छ भन्ने सोमत पनि छैन हगि तिमीलाई ?", हर्षिकाको व्यवहारले साह्रै बिझायो प्रीतमलाई ।

"तिमी चुप लाग है मैले भन्या छु । मलाई धेरै रिस उठायौ भने अहिले आफ्नो केश आफैले भुत्ल्याउँछु, आफ्नो अनुहार आफैले चिथोर्छु र दोषजत्ति तिमीलाई लगाएर बाउनचरीलाई मैले थानामा थुनाउन नपरोस् । म आफ्नो् अमूल्य समय तिमीलाई दालभात खुवाएर, नानी स्याहारेर र तिम्रो गनगन सुनेर बर्बाद पार्न चाहन्न । कहाँ त म सभासद हुन लागेकी मान्छे, मलाई नै हकार्छ यो बाउनचरी । ए गाँठे !"

ओंठ लेर्प्याउँदै हर्षिका बाथरुमतिर लागेपछि प्रीतम पनि रिसले घरबाट निस्केर बिना उद्देश्य उद्यानमा गएर धुमधुम्ती बसिरह्यो । रिस मत्थर भएपछि ऊ घर पुग्यो र हर्षिकालाई सम्झाउन थाल्यो, "हर्षु, हाम्रो बिहे अघि त तिमी यस्ती थिइनौ । किन दिन दिनै तिमी यस्तो रुखो बोली र नसुहाउँदो व्यवहार गरेर मलाई दुःखी बनाउँछौ ? किन हाम्रो मायाको सानो संसारलाई भताभुङ्ग पाछ्र्यौ ?", हातै जोडेर उभियो प्रीतम, "प्लिज हर्षु, यत्तिविधि कठोर नबन । आँखाको पर्दा खोल र बचाऊ आफ्नो गृहस्थी । गृहस्थीको धागो एक पटक चुँडियो भने फेरि जोडिन धेरै गारो पर्छ, हर्षु ।"

"भो भो, बाउनबाजे । नाटक गर्नु पर्दैन । घरको चार दिवारीमा मलाई थुनेर दासी बनाउने सपना नदेख । म चरीझैं भूरुरु उड्न चाहन्छु । स्वतन्त्र भएर बाँच्न चाहन्छु । नकज्याउ उड्ने मेरा रहरहरु नत्र त्यसको परिणाम राम्रो हुने छैन ।" विषालु हाँसो ओँठमा नचाएर बोल्दा पनि हर्षिकाको मुहार कठोर देखिन्थ्यो । त्यसपछि प्रीतम केही बोल्न सकेन । ढुंगाको सालिक बनेर ऊ जहाँको त्यहिँ उभिरह्यो ।

हिजोसम्म त ऊ यस्ती थिइन । सोझी, मितभाषी र स्नेहालु थिई । तर, आज बातैपिँच्छे उसलाई होच्याउँछे, थानामा थुनाउने धम्की दिन्छे । के मैले उसँग विवाह गरेर कुनै अपराध गरेँ त ? समाजले दलित भनेर हेप्ने परिवारकी उसलाई मैले जीवन संगिनी बनाएँ । तर, किन उनी कहिल्यै मेरी जीवन संगिनी बन्न सकिनन् त ? आफ्नो गायन प्रस्तुतिमा पनि उसले आफूलाई एकाग्र राख्न सकेन । उसलाई घरको कलहले पछ्याउन छाडेन । यही घर बसाउन मैले आफ्नो घर छाडेँ, परिवार छाडेँ, समाज छाडेँ र सम्पूर्ण इष्टमित्र छाडेँ । तर जसका लागि मैले यत्तिका त्याग गरेँ, हजारौं विरोध सहेँ, आज ऊ नै मसँग पौंठेजोरी खेल्न खोज्छे । आमाबाबुको कुरा नमानेर मैले कतै ठूलै भूल त गरिन ? अचानक छातीभित्रबाट आगोको ज्वाला उठेर पोलेको अनुभूति हुन्छ प्रीतमलाई र माघको ठिहीमा पनि उसको शरीर पसिनाले लफक्कै भिज्छ ।

छोरालाई विद्यालय जान ढिलो होला भनेर प्रीतमले हतार-हतार खाना पकाएर खुवायो । छोरोलाई विद्यालय पुर्‍याएर प्रीतम घर फर्कियो । तर त्यत्तिविध्न काम भ्याइसक्दा पनि हर्षिका सुतिरहेकै थिइन् । सुतिरहेकी हर्षिकालाई अघाउञ्जेल नियाल्यो प्रीतमले । अचेल होटलमा गाएर पनि उसले राम्रै आम्दानी गरेको छ । पैसाको अभाव हुन दिएको छैन उसले हर्षिकालाई । हो, आफ्नो आम्दानीको सानो अंश उसले आफू जोडिएको पेशागत संगठनलाई लेबीका रुपमा बुझाउने गरेको छ । कहिलेकाहीँ पेशागत हक र अधिकारका लागि रातो झण्डा बोकेर ऊ पनि सडकमा ओर्लिन्छ । प्रीतमका यी कृयाकलापले प्रत्यक्ष वा अप्रत्यक्षरुपमा हर्षिकालाई हानीनोक्सानी केही गरेको छैन । तैपनि प्रीतमले हसियाँ र हथौडा भएको रातो झण्डा बोकेको हर्षिकालाई पटक्कै मन पर्दैन जबकि प्रीतमका ती कृयाकलाप मन नपराइनुका उपयुक्त कारण र जवाफ पनि उसँग छैनन् । तर यही विषयको हाँगा समाएर उनी त्यसै त्यसै रडाको मच्याइरहन्छिन् र घरलाई रणसंग्राम बनाएर प्रीतमको मन मस्तिष्कलाई घाइते बनाइरहन्छिन् ।

"उठ हर्षु !" सस्नेह हर्षिकाको केशराशी मुसार्दै प्रीतमले भन्यो, "धेरै भयो हामीले सँगै बसेर खाना नखाएको । उठ, नत्र जाडोले खाना छिट्टै सेलाउछ ।"

"थुक्क खाते, पाखे, बाहुन", उठेर अचानक जंगिन थालिन् हर्षिका, "मलाई एकछिन आनन्दले सुत्न नदिने बाहुन । आज तँलाई नमारी छाड्दिन ।" हर्षिकाले उग्र रुप लिएर प्रीतमको गालामा एक थप्पड लगाइन् । किंकर्तव्यविमूढ जड भएर ठाउँको ठाउँ उभिरह्यो प्रतीक । उसलाई विश्वास नै लागेन हर्षिकाले उमाथि हात उठाई भनेर । ऊ स्तब्ध भयो, वाक्य फुटेन उसको । तन्द्रामाझैं उसले ट्वाल्ल परेर हर्षिकालाई हेरिरह्यो ।

"लाटाले पापा हेरेझैं के हेर्‍या नि मलाई, तेरिमा साले, बाहुन ।" प्रीतमलाई अझै झम्टिउँ लाझैं गरिन् हर्षिकाले ।

"हर्षिका !" प्रीतमको हुँकारले पुरै घर गुञ्जियो, "अब पुग्यो हर्षिका । दिस इज टु मच । गेट आउट, गेट आउट फ्रम माइ हाउस । अब म अरु सहन सक्दिन । आजदेखि तिम्रो र मेरो बाटो अलग । जहाँ जान मन लाग्छ जाऊ, जहाँ रिपोर्ट गर्न मन लाग्छ गर । बट लिब माई हाउस, राइट नाउ ।"

"प्री..त...म !" प्रीतम उग्र रुपले रिसाएको देखेर अलि हच्किएकी हो कि झैँ देखिइ हर्षिका ।

"अब अरु म केही सुन्न चाहन्न । आफ्नो सामान उठाऊ र गैहाल यहाँबाट । छोरोको त तिमीलाई वास्तै छैन त्यसैले पीर नगर, छोरोलाई म पाल्छु । अब तिम्रो र मेरो एउटै साइनो छ –पारपाचुके । तर तिमीजस्तो निर्दयी र विवेकहीन छैन म । त्यसैले अदालतले निर्णय गरे पनि नगरे पनि यो घर र यहाँ भएको श्री सम्पत्ति जम्मै म तिमीलाई नै दिन्छु । तर, अब तिमी र म एउटै छतमुनि बस्न सक्दैनौ । त्यसैले अहिलेलाई यहाँबाट गैहाल र जीवनमा मलाई तिम्रो अनुहार कहिल्यै नदेखाउनु ।" हर्षिकाको पाखुरामा समाएर घर बाहिर निकाल्यो प्रीतमले । हर्षिकाको मुखैमा ढोका लगाएपछि छोराको तस्बीर सस्नेह सुम्सुम्यायो प्रीतमले र तस्वीरसँग बात मार्दै भन्यो, "प्रत्युष । मेरो छोरा । जीवनमा तिमी अर्को प्रीतम कहिल्यै नबन्नु बरु देशको एक असल नागरिक बन्नु । अँध्यारोमा हराउनेहरुका लागि तिमी उज्यालो बन्नु ।", त्यहीबेला कुनै विशिष्ट व्यक्तिलाई दिइएको सलामीमा हुनुपर्छ, तोप पड्केको आवाज आइरहेको थियो । धडाम्म...धुम्म...धडाम्म...।

## कविता

# पुँजीवादले के गर्छ ?



बलराम तिमिल्सिना

करोडौं जनाको पसिना
लाख जनामा जम्मा गर्छ
लाख जनाको कमाई
हजार जनामा जम्मा गर्छ
र हजार जनाको पनि कमाई
सयमा थुप्रो लगाउँछ
पूँजीवाद, धनीलाई अझ बढी धनी
र गरीबलाई अझ बढी धनी हुने राज चलाउँछ !
पूँजीवाद, घरभित्र घरकैलाई लुट्छ
